# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ १ गते २०४५ साल (अतिरिक्ताङ्क २८

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना १

श्री ५ महाराजाधिराजबाट लोक सेवा आयोगका सदस्य श्री खड्गमान मल्लको पदावधि समाप्त भई रिक्त हुन आएको सदस्य पदमा नेपालको संविधान बमोजिम श्री मोहनविक्रम शाहलाई नियुक्त गरिबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट २०४५ साल जेठ ७ गते मौजुदा खेलकूद परिषद्-लाई विघटन गरिबक्सी नयाँ परिषद् गठन गरिबक्सने सिलसिलामा राष्ट्रिय खेलकूद परिषद् ऐनको दफा ४ (चार) बमोजिम शिक्षा तथा संस्कृति मन्त्रीलाई राष्ट्रिय खेलकूद परिषद्को अध्यक्ष तोकिबक्सेकोमा सोही दफा अनुसार मनोनीत गरिबक्सन बाँकी ६ सदस्यहरूमा देहायका व्यक्तिहरूलाई मनोनीत गरिबक्सी सोही दफाको उपदफा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ (तीन) बमोजिम अध्यक्षको सिफारिशमा देहायबमोजिम सदस्य-सचिव तथा कोषाध्यक्षसमेत तोकिबक्सेको छ।

| | | |
|---|---|---|
| १. श्री सभापति, नेपाल युवक संगठन केन्द्रीय समिति | – | सदस्य |
| २. श्री शम्भुशरणप्रसाद, सह-सचिव, अर्थ मन्त्रालय | – | कोषाध्यक्ष |
| ३. श्री निर्देशक, मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय | – | सदस्य |
| ४. श्री निर्देशक, अतिरिक्त क्रियाकलाप निर्देशनालय, त्रिभुवन विश्वविद्यालय | – | सदस्य |
| ५. श्री इन्दुबहादुर शाही | – | सदस्य-सचिव |
| ६. श्री प्रकाश शर्मा | – | सदस्य |

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

360



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।